## नगरप्रमुख श्री नागेन्द्र प्रसाद यादवज्यूबाट २०८० फालुन २९ गते साक्षर नगर घोषणा सभामा प्रस्तुत

# साक्षर मलंगवा नगर घोषणा मन्तव्य

साक्षर नगर घोषणा सभा, २०८० मा पाल्नु भएका प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि, वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु, राजनीतिक दलका प्रतिनिधिहरु, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, नागरिक समाज, बुद्धिजिवी,सम्पूर्ण कर्मचारी र सञ्चारकर्मी मित्रहरूमा मेरो दिवाकालीन नमस्कार ।

### १.पृष्ठभूमि

मलंगवा नगरपालिका नेपालको मधेश प्रदेश अन्तर्गत पूर्व पश्चिम राजमार्गदेखि २५ कि.मि. दक्षिणमा रहेको छ । हिन्दू र मुस्लिम दुवै समुदायबाट उत्तिकै श्रद्धा गरिने स्थानीय मलंगबाबा स्थलको नामबाट मलंगवा नामाकरण भएको छ । यस नगरपालिकाको क्षेत्रफल ३०.४४ वर्ग कि.मि. रहेको छ । यस नगरपालिकामा रहेका १२ मध्ये वडा नं.१, ५, ६, ८ र ९ वडाहरु छिमेकी मित्र राष्ट्र भारतसँग सिमाना जोडिएका छन ।

विश्वका सवै मुलुकहरुमा अनौपचारिक शिक्षालाई शैक्षिक प्रणालीको अभिन्न अंगका रुपमा मानिदै आएको छ । साक्षरता सीप जीवन पर्यन्त शिक्षाका लागि पूर्वाधार हो । साक्षरता सीप हासिल गरिसके पछि जीवन पर्यन्त सिकाईको सुनिश्चित गरिनु पर्दछ । त्यसैले जीवनपर्यन्तका सिकाइका अवसरहरु बढाउने नेपालको प्रतिवद्धता रहेको छ ।

राष्ट्रिय जनगणना, **२०६८** अनुसार यस नगरपालिकामा ८०२० घरधुरी तथा ४६,५१६ जनसंख्या रहेको थियो । राष्ट्रिय जनगणना, **२०७८** अनुसार १००३३ घरधुरी र ५४५५० जनसंख्या रहेको छ । जसमा महिलाको संख्या २६७०१ (४८.९० प्रतिशत) र पुरुष २७८४९ (५१.१० प्रतिशत) रहेको छ । मलंगवा नगरपालिकाको साक्षरता दर ६८.२३ प्रतिशत रहेको थियो । जसमध्ये पुरुष र महिलाको साक्षरता दर क्रमश: ७६.१८ र ६०.०४ प्रतिशत रहेको थियो । घरधुरी सर्वेक्षण, २०८० ले नगरपालिकामा १५ देखि ६० वर्षका ४१६७ महिला र १०६६ पुरुष गरी ५२३३ जना निरक्षर रहेको देखियो । यी सबैलाई साक्षरता कक्षाको अवसर दिएर हाल साक्षर घोषणा गर्ने अवस्था बनेको छ ।

नागेन्द्र प्रसाद यादव
नगर प्रमुख

## २. साक्षरता विवरण

यस नगरपालिकामा जिल्लाकै प्रथम शैक्षिक संस्थाका रुपमा श्री पब्लिक माध्यमिक विद्यालय र श्रीमती कृष्णादेवी माध्यमिक विद्यालयको स्थापना भएपछि शिक्षा विकासको गति लिएको पाइन्छ। हाल यस नगरपालिकामा सामुदायिक मा.वि. ६ वटा, संस्थागत मा.वि. १२ वटा तथा सामुदायिक आधारभुत विद्यालय १६ वटा (१२ वटा धार्मिक बिद्यालय मदरसा समेत) र संस्थागत आ.वि.२० वटा सञ्चालित छन्। यसका साथै २ वटा क्याम्पस, एउटा सांकेतकि भाषा स्रोतकक्षा र कम्प्युटर विषयमा एउटा माध्यमिक तहको प्राबिधिक बिद्यालय रहेका छन्।

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७५।०९।१६ गते स्वीकृत **साक्षर नेपाल बर्ष २०७६ अवधारणा**मा १५ बर्ष देखि ६० बर्ष उमेर समूहका ९५ प्रतिशत जनसंख्या साक्षर भएमा त्यस क्षेत्रलाई साक्षर घोषणा गर्ने व्यवस्था छ। यस नगरपालिकामा रहेका १२ वटै वडाहरुलाई साक्षर वडा घोषणा भईसकेकोले आज हामी यस नगरपालिकालाई साक्षर नगर घोषणा गर्ने अवस्थासम्म आइपुगेका छौं। आजबाट मलंगवा नगरपालिका **सर्लाही जिल्लाको पहिलो साक्षर स्थानीय तह** मध्येको एक बनेको छ।

## ३.साक्षरताको महत्व र सूचकहरु :

साक्षरता सीपले ईज्जत, मान, सम्मान र आत्मसम्मानमा वृद्धि गर्नसहयोग गर्दछ। स्वास्थ्य, शिक्षा, लैङ्गिक समानता र प्रजनन व्यवहारमा सजगता ल्याउन सहयोग गर्छ। राजनीतिक सहभागितामा वृद्धि र द्वन्द्व व्यवस्थापनमा सहयोग। यसले आर्थिक वृद्धि र उद्यमशीलताको विकास गर्न योगदान गर्छ। साथै सांस्कृतिक विविधताको संरक्षण र समाजमा व्याप्त कुसंस्कार विरुद्धका अभियानमा सहभागिता बढाउछ।

त्यसैले नेपाल सरकारले साक्षरताका **१२** सूचकहरु निर्धारण गरेको छ। यी मध्ये ५० प्रतिशतसम्म सक्षमता हासिल गरेका व्यक्तिलाई साक्षर भएको मान्ने व्यवस्था छ।

मलंगवा नगरपालिकाले नेपालमै पहिलोपटक साक्षरताका **१२** सूचकमा आधारित सन्दर्भ पुस्तक विकास गरिएको छ। यसलाई छापेर निरक्षरका हातहातमा वितरण गरी साक्षरता सीप सिकाइएको छ। साक्षर भएका सबै व्यक्तिका हातहातमा साक्षरताको प्रमाणपत्र प्रदान गरिएको छ।

हामीले गरेको यो अभ्यास अरु स्थानीय तहका लागि पनि मार्गदर्शक बनेको छ।

नागेन्द्र प्रसाद यादव
नगर प्रमुख

## ४.साक्षरता तथा शैक्षिक तथ्यांक

Malangwa Municipality
Office of the Municipal Exective
Education Section
Malangwa, Sarlahi
Province No.2

दिगो विकास लक्ष्य पुरा गर्नु साक्षर घोषणा गर्नु आवश्यक छ। नेपाल सरकारले **साक्षर नेपाल घोषणा** गर्ने कार्यक्रम कार्यान्वयनका लागि २०८० भदौ २५ गतेसम्ममा यस नगरपालिकाका सबै वडाहरु साक्षर वडा घोषणा भैसकेको छ।

बर्तमान नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा परिभाषित गरेको छ। यसै कुरालाई आत्मसात गरी **साक्षर नेपाल, समृद्ध नेपाल र सुखी नेपालीको परिकल्पनालाई** शिरोधार्य गर्दै नेपाल सरकारले बि.स.२०७६ को अवधारणा पत्र अनुसार सर्लाही जिल्ला, मलंगवा नगरपालिकालाई **आज मिति २०८० साल फाल्गुन २९** गतेका दिन साक्षर नगरपालिका घोषणा गर्न गइरहेका छौं। नगरपालिकामा प्राप्त तथ्यांकलाई देहाय बमोजिम प्रस्तुत गर्दछु।

### साक्षर तथा निरक्षर व्यक्तिहरुको तथ्यांक र साक्षरता स्थिति

| वडा नं. | घरमुली संख्या | १५ वर्ष देखि ६० वर्ष निरक्षर व्यक्तिको नाम | | | | साक्षर संख्या र प्रतिशत | | साक्षर घोषणा मिति |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरूष | अन्य | जम्मा | संख्या | प्रतिशत | |
| १ | 167 | 207 | 90 | | 297 | 283 | 95.20 | भदौ २१ |
| २ | 150 | 192 | 52 | | 244 | 234 | 95.80 | भदौ २५ |
| ३ | 359 | 497 | 97 | | 594 | 567 | 95.45 | भदौ २२ |
| ४ | 302 | 279 | 55 | | 334 | 322 | 96.40 | भदौ २३ |
| ५ | 113 | 451 | 164 | | 615 | 595 | 96.70 | भदौ २५ |
| ६ | 385 | 479 | 182 | | 661 | 631 | 95.45 | भदौ २२ |
| ७ | 471 | 624 | 205 | | 829 | 790 | 95.25 | भदौ २४ |
| ८ | 20 | 22 | 0 | | 22 | 21 | 99.90 | भदौ २२ |
| ९ | 167 | 186 | 65 | | 251 | 242 | 96.40 | भदौ २४ |
| १० | 157 | 162 | 53 | | 215 | 207 | 96.40 | भदौ २३ |
| ११ | 190 | 711 | 285 | | 996 | 947 | 95.10 | भदौ २३ |
| १२ | 300 | 357 | 215 | | 572 | 546 | 95.50 | भदौ २३ |
| जम्मा | 2781 | 4167 | 1463 | | 5630 | | 1153.6 | ९६.१३ प्रतिशत |

## ६. साक्षर मलंगवा नगर घोषणा

मिति **२०८० साल भाद्र १८** गतें बसेको कार्यपालिका बैठकबाट **मिति २०८० साल भाद्र २६** गतेका दिन भव्य समारोहका बीच यस नगरपालिकालाई साक्षर नगर घोषणा गर्ने निर्णय गरिएको थियो । साक्षर नगर अभियानका लागि नगर शिक्षा समितिको मिति २०८० साल भाद्र २०.गते बसेको बैठकले मलंगवा नगरपालिकालाई साक्षर नगर घोषणा गर्ने निर्णय भए अनुसार यस नगरपालिकाका सवै वडा साक्षर घोषणा गर्ने कार्म सम्पन्न भएको छ । यस अवसरमा समस्त मलंगवाबासीप्रति हार्दिक बधाइ व्यक्त गर्दछु ।

अन्तमा साक्षर नगर घोषणा पश्चात साक्षर हुन बाँकी रहेका निरक्षर जनसंख्यालाई साक्षर बनाउन सरोकारवालाको समेत सहयोग लिइनेछ । यसका साथै नव साक्षरलाई निरन्तर सिक्ने वातावरण बनाउँदै लगिने छ ।

साक्षर नगर घोषणा पश्चात साक्षर हुन बाँकी रहेको निरक्षर जनसंख्यालाई सम्पूर्ण सरोकारवालाको सहयोगमा पूर्ण साक्षर बनाउनका लागि आगामी दिनमा यस नगरपालिकाले साक्षरता सम्बन्धी सञ्चालन गरिने कार्यक्रमहरुलाई प्रभावकारी रुपमा अगाडी बढाउने र यस कार्यमा सबै क्षेत्रको रचनात्मक सहयोग रहने कुराप्रति विश्वस्त रहँदै निरन्तर साथ र सहयोगको अपेक्षा गर्दछौं ।

साक्षर मलंगवा अभियानमा योगदान गर्नु हुने सवै वडा समिति, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, गैर सरकारी संस्थाहरु, सन्चार क्षेत्र तथा सरोकारवाला तथा नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा तथा मानव **स्रोत** विकास केन्द्र, सानोठिमीलाई मलंगवा नगर कार्यपालिकाको तर्फबाट र मेरो व्यक्तिगततर्फबाट समेत हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

यस समारोहमा उपस्थित भई हामीलाई हौसला दिनुभएकोमा प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि र सहभागी सबैमा आभार व्यक्त गर्दछु । साथै आगामी दिनमा पनि यसरी नैं सहयोग, सदभाव र सहभागिता रहिरहने विश्वास व्यक्त गर्दछु ।

मिति २०८०/११/२९ रोज ३ शुभम् ।

**धन्यवाद ।**

**नागेन्द्र प्रसाद यादव**
**नगर प्रमुख**

नागेन्द्र प्रसाद यादव
नगर प्रमुख